# भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं. / Ref No.: ०८०/०८१
च.नं. / Des No.:

प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२५

## अमानत विधिबाट नदिजन्य पदार्थको उत्खनन्, संकलन, ओसारपसार तथा बिक्री वितरण सम्बन्धी अत्यन्त जरुरी सूचना।

मिति २०८०/१०/२३ गतेको नगर कार्यपालिकाको बैठकले चालु आ.व. २०८०/०८१ मा नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरणको लागि खुला बोलपत्रको माध्यमबाट ठेक्का बन्दोबस्त नभएको भिमाद नगरपालिका वडा नं. ५ स्थित सेंती नदि दायाँ किनारा तर्फको तल्लो झकास घाटमा नगरपालिकाको व्यवस्थापनमा अमानत विधिबाट नदिजन्य पदार्थको बिक्रीवितरण गर्ने भनी निर्णय भएको हुँदा ईच्छुक ट्याक्टर तथा ट्रिप्पर व्यवसायीहरुले मिति २०८०/१२/२६ गतेबाट तोकिएको राजश्व बुझाई नदिजन्य पदार्थ संकलनमा सहभागी हुनुहुन निर्णयानुसार अनुरोध छ।

**आवश्यक शर्तहरुः-**

१. नदिजन्य पदार्थको बिक्री वितरणको दर प्रति ट्याक्टर रु.८००।- , प्रति ट्रिप्पर रु. २४००।— राजश्व दाखिला गर्नुपर्ने। (मूल्य अभिवृद्धि कर र अग्रीम आय कर समेत जोडिने)
२. तोकिएंको घाटबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले तोकिएको परिमाण र क्षेत्रबाट मात्र उत्खनन गर्नुपर्नेछ।
३. नदिजन्य पदार्थ उत्खनन तथा संकलन घरेलु औजारहरु कुटो, कोदालो र साबेलबाट मात्र गर्नुपर्नेछ।
४. नदिजन्य पदार्थको ओसारपसार गर्दा तोकिएको मार्ग मात्र प्रयोग गर्नु पर्दछ।
५. घाटको पहुँच मार्गमा नगरपालिकाले खटाएका कर्मचारीहरु रहनेछन् र उनीहरुको व्यवस्थापन तथा निर्देशनमा उत्खनन् संकलन कार्य गर्नुपर्नेछ।
६. नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्य मिति २०८० साल जेठ मसान्त सम्मको लागि मात्र रहनेछ।
७. नदिजन्य पदार्थको उत्खनन तथा संकलन कार्य गर्नका लागि सम्बन्धित सवारी साधनहरुले यो सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र नगरपालिकामा सूचिकृत गर्नु पर्नेछ।

थप जानकारीको लागि फोन नं. ९८५६०६०६९८

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत


फोन नं: ०६५-५७२४३६, Phone Number: 065-572436
ठेगाना/ Address: X3HJ+3P Bhimad
ईमेल / Email : info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com
वेबसाईट / Website : bhimadmun.gov.np